# चौरीदेउराली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक

३ नं. प्रदेश, नेपाल


पत्र संख्या ( Letter No. ): ०७६/०७७

चलानी नं. ( Ref. No. ):

मिति:२०७६/०९/११

विषय : **विषय विशेषज्ञमा सूचीकृत हुने सम्वन्धमा ।**

प्रस्तुत विषयमा चौरीदेउराली गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयमा रिक्त रहेका र रिक्त हुने स्वीकृत शिक्षक दरबन्दी तथा राहत अनुदान कोटामा नियमानुसार करार सेवामा शिक्षक नियुक्ति गर्दा गठन गरिने शिक्षक छनौट समितिमा विषय विशेषज्ञको रुपमा रही कार्य गर्न इच्छुक देहायको योग्यता पुगेका स्थायी शिक्षकहरुले निम्नानुसारको कागजात सहित तोकिएको ढाँचामा रु १०००। (एक हजार रुपैयाँ )नगद जम्मा गरेको नगद रसिद /भौचर सहित २०७६।१०। १५गतेभित्र यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

१. माध्यमिक तहको हकमा कम्तिमा शिक्षा शास्त्रमा स्नातकोत्तर र आधारभूत तहको हकमा कम्तिमा शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्ने ।
२. विशेषज्ञ हुन चाहेको तहमा शिक्षण अनुभव कम्तिमा ३ वर्ष भइ कम्तिमा १ वर्षको स्थायी सेवा पुरा भएको हुनु पर्ने ।
३. जुन तहको विशेषज्ञ हुन चाहेको हो सोही तह उल्लेख गरी आवेदन दिनु पर्ने ।
४.माध्यमिक तह र आधारभूत तह कक्षा ६ देखि ८ को लागि विशेषज्ञ हुन चाहेको विषय समेत उल्लेख गर्नु पर्नेछ ।

**आवश्यक कागजातहरु**

सम्वन्धित तहको न्यूनतम् शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यताको प्रमाण पत्र, स्थायी अध्ययन अनुमति पत्र, स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपिहरु

नोटः आधारभूत तह(१ देखि ५ ) को लागि सूचीकृत हुने विशेषज्ञले शिक्षक सेवा आयोगको पाठ्यक्रम र विशिष्टीकरण तालिका बमोजिम प्रश्नहरु अंग्रेजी र नेपाली दुवै (भाषाका विषय वाहेक) भाषामा उपलब्ध गराउनु पर्नेछ ।

- माध्यमिक तथा आधारभूत तह( कक्षा ६ देखि ८) को लागि विशेषज्ञ विषयगत रुपमा सुचिकृत गरिनेछ ।
- विषय विशेषज्ञहरु ३ वर्षको लागि सूचिकृत गरिनेछ ।
- निवेदनको साथमा सूचिकृत हुन चाहेको तह तथा विषयको एक सेट प्रश्नपत्र शिक्षक सेवा आयोगको पाठ्यक्रम अनुसार तयार गरी hard copy तथा soft copy mahandas26@gmail. com मा पेश गर्नुपर्ने छ ।
- माथिल्लो तहमा छनोट हुनेले तल्लो तहको समेत विशेषज्ञ हुन चाहेमा निवेदनमा सो व्यहोरा पनि खुलाउनु पर्नेछ ।
- विशेषज्ञ सूचीकरणलाई हरेक वर्ष अद्यावधिक गर्न सकिनेछ ।

..........................

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत


e-mail: ito.chaurideuralimun@gmail.com ,website:www.chaurideuralimun.gov.np